# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष:१** **खण्ड:११** **मिति २०७५ साल अषाढ १२**

भाग–२

## अन्नपूर्ण गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय प्रकाशन गर्न अनिवार्य भएकाले, पहिलो पटक स्थानीय राजपत्र प्रकाश गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरूको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रवन्ध गर्न अन्नपूर्ण गाउँपालिका प्रशासकीय कार्यविधि -नियमित गर्ने), ऐन, २०७४ को दफा ४ बमोजिम अन्नपूर्ण गाउँ कार्यपालिकाको मिति २०७४।१२।२५ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**भाग-१**

**प्रारम्भिक**

१. **कार्यविधिको नाम:**

यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

**२. कार्यविधि लागू हुने:**

यो कार्यविधि अन्नपूर्ण गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## भाग-२

## स्थानीय राजपत्रको भाग र ढाँचा

**३. स्थानीय राजपत्रको भागहरूः**

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुहरूलाई अनुसूची-१ बमोजिमका भागहरूमा वर्गीकरण गरिएको छ ।

**४. स्थानीय राजपत्रको ढाँचाः**

स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. खण्डको व्यवस्थाः**

स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रशासन भएको वर्षलाई १ कायम गरी (जस्तै २०७४ साललाई १, २०७५ साललाई २) त्यसपछि जति वर्ष भयो, क्रमशः त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

**६. स्थानीय राजपत्रको संख्याः**

(१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरि पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरू भएपछि नयाँ संख्याबाट शुरू गरिनेछ ।

**७. स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्रीः**

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामाग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

**८. स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः**

स्थानीय राजपत्र अन्नपूर्ण गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ। यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग-३
## स्थानीय राजपत्रको प्रशासन, अभिलेख तथा वितरण

**९. स्थानीय राजपत्रको प्रकाशनको जिम्मेवारी:**

(१) कार्यपालिकाले कुनै शाखा वा इकाईलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विरणसहित जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा इकाईबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ।

**१०. प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:**

(१) प्रकाशन हुने सामग्री गाउँ कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा इकाईबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/इकाईमा पठाइनेछ।

**११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:**

(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको शिलशिलेवार संख्या खुलाई अद्यावधिक रूपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

**१२. निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने:**

गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रूपमा उपलब्ध गराइनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(ग) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा, र

(घ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

**१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:**

गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

**१४. विक्री वितरणको व्यवस्था तथा विक्री मूल्यः**

(१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरू र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा इकाईमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको विक्री मूल्य निर्धारण गरिएको छ,

(क) वार्षिक सदस्य बनाई विक्री गर्दाः वडा कार्यलय वा अन्नपूर्ण गाउँपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा वार्षिक ५९०।- (पाँच सय नब्बेमात्र)

(ख) खुद्रा बिक्री गर्दाः स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघसंस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकरण विक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एकप्रतिको रु. ५ मात्र
- ९ देखि २४ पेजसम्म एकप्रतिको रु. १० मात्र
- २५ देखि ४० पेजसम्म एकप्रतिको रु. १५ मात्र
- ४१ देखि ५६ पेजसम्म एकप्रतिको रु. २० मात्र
- ५७ देखि ७२ पेजसम्म एकप्रतिको रु. २५ मात्र
- ७३ देखि ९६ पेजसम्म एकप्रतिको रु. ५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**१५. विक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्नेः**

स्थानीय राजपत्र बिक्री वापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. कार्यविधिको व्याख्याः**

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

**१७. बचाऊः**

यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाकाले पारित गरी लागू गरेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

**अनुसूची-१**

**(दफा ३ सँग सम्बन्धित)**

**स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरू**

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरू प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

**अनुसूची-२**

**(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**

अन्नपूर्ण गाउँपालिका

स्थानीय राजपत्र

खण्ड...... संख्या....... मिति................

भाग-२

अन्नपूर्ण गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

**अनुसूची-३**

**(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)**

अन्नपूर्ण गाउँपालिका

स्थानीय राजपत्र

खण्ड...... संख्या....... मिति................

भाग-२

अन्नपूर्ण गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपालसरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भको सम्झौतको व्यहोरा

**प्रमाणिकरण मिति : २०७४/१२/२९**

**राजपत्रमा प्रकाशित मिति : २०७५/०३/१२**

आज्ञाले,

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत